# एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका,२०७९

**प्रस्तावनाः** शिक्षा क्षेत्रको गतिविधिबारे यथार्थ आधार जुटाई सर्वसाधारणलाई शिक्षा क्षेत्रबारे जानकारी गराई शैक्षिक सेवालाई प्रभावकारी बनाउन, शिक्षामा क्षेत्रको ठोस नीति निर्धारण गरी सुधार तथा व्यवस्थापन गर्न, शिक्षाका तमाम गतिविधिलाई अध्यावधिक गरी सूचना प्रविधि मार्फत शैक्षिक विवरणको संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, विकास, अभिमुखीकरण तथा प्रयोगलाई विश्वासिलो र भरपर्दो बनाउनका लागि मौजुदा सूचना प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाई एकिकृत शैक्षिक सूचना प्रणालीको व्यवस्था गर्न वान्छनीय भएकाले,

शिक्षा ऐन,२०२८ को दफा १९क. ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेदः १

## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नामः</u> (१) यस निर्देशिकाको नाम "एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले केन्द्र, चिकित्सा शिक्षा आयोग, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, विश्वविद्यालय अनुदान आयोग, शिक्षा विकास तथा समन्वय इकाई सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भई संचालनमा रहेको नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तरगतको अन्य जुनसुकै कार्यलयलाई समेत जनाउँछ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) "शैक्षिक संस्था" भन्नाले सामुदायिक, संस्थागत, परम्परागत विद्यालय, प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्ने विद्यालय सम्झनु पर्छ र सो शब्दले दूर शिक्षा, अनौपचारिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र जस्ता अनौपचारिक शिक्षा प्रदान गर्ने निकाय तथा यस प्रणालीमा आवद्ध हुने अन्य विद्यालय, शिक्षालय, शैक्षिक तालिम केन्द्र, विश्वविद्यालय, क्याम्पस र शैक्षिक गतिविधि सञ्चालन गर्ने प्रतिष्ठान तथा बोर्डसमेतलाई जनाउँछ।

(च) "प्रणाली" भन्नाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्झनु पर्छ र सो शब्दले शैक्षिक नीति, योजना, विकास, व्यवस्थापन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने सबै किसिमका सूचना तथा विवरण उपलब्ध गराउन सक्ने प्रणालीलाई समेत जनाउँछ।

(छ) "विवरण" भन्नाले शिक्षा क्षेत्रको सङ्ख्या, अक्षर, चिह्न, म्यासेज, आकृति, ध्वनि, भिडियो वा विद्युतीय प्रोग्रामको माध्ययमबाट प्राप्त हुने एकल वा संयुक्त रुपमा उपलब्ध हुने सूचनाको विवरणलाई सम्झनु पर्छ ।

(ज) "व्यक्तिगत विवरण" भन्नाले ब्यक्तिसँग सम्बन्धित तथ्य समेटिएको विवरण सम्झनु पर्छ।

(झ) "क्षेत्रगत प्रणाली" भन्नाले कार्यालय र अन्तरगतको निकाय वा शैक्षिक संस्थाको कार्य क्षेत्र अन्तर्गत पर्ने विषयमा विवरण तथा सेवा प्रवाहको व्यवस्थापनको लागि स्थापना तथा विकास गरिएको शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्झनु पर्छ र सो शब्दले विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षाका विवरण व्यवस्थापन गर्ने प्रणालीलाई समेत जनाउँछ।

## परिच्छेदः २

## लक्ष्य तथा उद्देश्य

३. लक्ष्यः "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गतका कार्यालय तथा शैक्षिक संस्था बीच विद्युतीय माध्यमद्वारा समन्वय तथा सामाञ्जस्यता कायम गरी एकिकृत

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

सूचना प्रणालीद्वारा तिनका शैक्षिक विवरणको प्राप्ति तथा व्यवस्थापनद्वारा शैक्षिक गुणस्तरको सुनिश्चितता गरी सुशासन कायम गर्ने" यस निर्देशिकाको लक्ष्य हुनेछ।

४. **उद्देश्यः** यस निर्देशिकाका उद्देश्य देहाय अनुसार रहेका छन्:-

(क) शैक्षिक संस्थाका शैक्षिक विवरण समयमा नै अद्यावधिक गर्ने गराउने कार्यको सुनिश्चित गर्नु,

(ख) शैक्षिक संस्थाले प्रयोग गरेका तथा विकास गर्ने शैक्षिक सूचना प्रणालीबीच सहसम्बन्ध र अन्तर आवद्धता कायम गरी विवरण प्राप्तिमा सहजीकरण गर्नु,

(ग) शैक्षिक विवरणको गुणस्तर अभिवृद्धि गरी विश्वसनियता कायम गर्नु,

(घ) सरोकारवालालाई आधिकारिक शैक्षिक तथ्याङ्क एकद्वार प्रणाली मार्फत उपलब्ध गराउनु,

(ङ) शिक्षा क्षेत्रमा सूचना प्रविधिको प्रयोगमा आधिकारिकता तथा गुणस्तरीयता कायम गर्न मार्गदर्शन गर्नु,

(च) विद्यार्थीको शैक्षिक उपलब्धिको वृद्धि गर्नु,

(छ) आपतकालीन अवस्थामा प्रतिकार्य तथा सिकाइ निरन्तरताका लागि आधार प्रदान गर्नु,

(ज) शैक्षिक संस्थाको सञ्चालन, व्यवस्थापन तथा दक्षता अभिवृद्धि गरी बैधता कायम गर्नु ।

## परिच्छेदः ३

## प्रणालीको व्यवस्थापन सम्बन्धी व्यवस्था

५. **प्रणालीको विकासः** (१) शैक्षिक संस्थाका विवरण संकलन तथा शैक्षिक सेवा प्रवाहको लागि मन्त्रालयले एक एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रणालीमा देहायका विवरणहरु रहनेछन्:

(क) शैक्षिक संस्थाको भौतिक निर्माणको विवरण,

(ख) शैक्षिक संस्थाको चल अचल सम्पत्ति सम्बन्धी विवरण,

(ग) कक्षागत तथा विधागत विद्यार्थी विवरण,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

(घ) शैक्षिक कार्यक्रम सम्बन्धी विवरण,

(ङ) विद्यार्थीको दर्ता सम्बन्धी विवरण,

(च) सिकाई उपलब्धी सम्बन्धी विवरण,

(छ) विषयगत शिक्षक सम्बन्धी विवरण,

(ज) कर्मचारी सम्बन्धी विवरण,

(झ) शैक्षिक संस्थाको सञ्चालन भएको र नभएको दिन तथा अवधिको विवरण,

(ञ) सञ्चालक तथा व्यवस्थापक सम्बन्धी विवरण,

(ट) मन्त्रालयले आवश्यक ठानेका अन्य विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रणालीमा शैक्षिक संस्था, विद्यार्थी, शिक्षक तथा कर्मचारीको राष्ट्रिय पञ्जिका रहने छ।

(४) राष्ट्रिय पञ्जिका रहने विवरण, सोको भर्ने प्रक्रिया, त्यसको ढाँचा तथा तत् सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

६. **प्रणालीको उपयोगः**(१) प्रणालीको उपयोग देहायका कार्यको लागि हुनेछः

(क) शैक्षिक संस्था, विद्यार्थी, शिक्षक तथा कर्मचारीको राष्ट्रिय पञ्जिका तयार गर्न,

(ख) शैक्षिक संस्थाहरुबीच अन्तरआवद्धता गरी विवरणको आधिकारिकता कायम गर्न,

(ग) शैक्षिक क्षेत्रको योजना तथा बजेट तर्जुमा गरी सो को कार्यान्वयन गर्न,

(घ) शैक्षिक कार्यक्रम तथा उपलब्धीको अनुगमन तथा मूल्याङ्कन गर्न,

(ङ) विवरणमा दोहोरोपना हटाई कार्यप्रणालीलाई छिटो, छरितो र मितव्ययी बनाउन,

(च) शैक्षिक संस्थाका विवरणमा आधिकारिकता, शुद्धता तथा गुणस्तरको सुनिश्चितता कायम गर्न,

(छ) प्राप्त हुन आएका विवरणको यथार्थताको आधारमा शैक्षिक क्षेत्रका समस्याको पहिचान तथा तिनको समाधान गर्न,

(ज) शैक्षिक संस्थाका सम्पत्तिको संरक्षण र तिनको समुचित व्यवस्थापन गर्न,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) शैक्षिक क्षेत्रका गतिविधिमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गरी अन्तरसम्बन्ध विकास गर्न,

(ञ) शैक्षिक संस्थालाई जिम्मेवार र जवाफदेहि बनाउन,

(ट) विषयगत क्षेत्रमा शैक्षिक गोपनियता कायम गर्न,

(ठ) शैक्षिक क्षेत्रमा गलत विवरणका आधारमा शैक्षिक संस्था सञ्चालन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी सुशासन कायम गर्न ।

(२) प्रणालीको प्रयोग गर्दा व्यक्तिगत विवरणको सुरक्षा तथा गोपनियता सुनिश्चित हुने गरी गरिनेछ ।

(३) शैक्षिक संस्थाको प्रणालीमा प्रविष्टि भएका विवरणको शुद्धता तथा गुणस्तरको सुनिश्चितता कायम गर्ने कार्यका लागि जिम्मेवारी तोकिनेछ ।

(४) शैक्षिक संस्थाबाट प्राप्त विवरणको प्रशोधन गरी प्राप्त नतिजाको आधारमा आवश्यक कार्यक्रमको पहिचान तथा सञ्चालन गरिनेछ ।

७. **प्रणालीको सञ्चालनः** (१) मन्त्रालयले प्रणालीको सञ्चालन, नियन्त्रण र संरक्षणको कार्य गर्नेछ ।

(२) मन्त्रालयले आफै वा कार्यालय मार्फत उपदफा (१) बमोजिमको प्रणालीमा विवरण प्रविष्ट गर्न शैक्षिक संस्थालाई जानकारी गराउनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित शैक्षिक संस्थाले आफ्नो शैक्षिक संस्था सम्बन्धी विवरण प्रत्येक तीन महिना भित्र अध्यावधिक गर्नु पर्नेछ ।

(४) प्रत्येक शैक्षिक संस्थाले कार्यालयमा विवरण प्रविष्ट गर्ने व्यक्तिको नाम तथा विवरण उपलब्ध गराउनु पर्नेछ।

(५) प्रणालीको विकास तथा प्रयोग एकै पटक वा चरणबद्धरुपमा गरिनेछ।

(६) शैक्षिक संस्थाका लागि स्थायी प्रकृतिको नदोहोरिने गरी विशिष्टिकृत सङ्केत अङ्क प्रदान गरिनेछ।

(७) शैक्षिक संस्थाको लागि संस्थागत अङ्कको ढाँचा एकिकृत शैक्षिक सूचना प्रणालीको सङ्केत मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ र सोको जानकारी सम्बन्धित शैक्षिक संस्थालाई उपलब्ध हुनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा ...
सिंहदरबार, का...

(८) विद्यार्थीलाई भर्ना भएकै समयमा स्थायी प्रकृतिको नदोहोरिने गरी विशिष्टिकृत सङ्केत अङ्क प्रदान गरिनेछ । यो विशिष्टिकृत सङ्केत प्रणालीबाट स्वचालित रुपमा जारी हुनेछ।

(९) कुनै बालबालिकाको जन्मदर्ता प्रमाणपत्रमा कायम तेह्र अङ्कको घटना दर्ता नम्बरलाई विशिष्टिकृत संकेत मानी सो अङ्कलाई संकेत नम्बर कायम गर्ने गरी प्रणालीमा व्यवस्था गर्न सकिनेछ।

(१०) यो निर्देशिका जारी भई प्रणाली सञ्चालन हुनु पुर्व भर्ना भई सकेका विद्यार्थीका सम्बन्धमा सम्बन्धित शैक्षिक संस्थाले उपलब्ध गराएको विवरणको आधारमा कार्यालयले विशिष्टिकृत सङ्केत अङ्क प्रदान गरी सोको निस्सा प्रदान गर्नेछ।

८. <u>क्षेत्रगत प्रणाली सम्बन्धी व्यवस्था:</u> (१) सम्बन्धित कार्यालयले आफ्नो क्षेत्रको शैक्षिक संस्थाका विवरण संकलन तथा शैक्षिक सेवा प्रवाहको लागि क्षेत्रगत प्रणाली विकास गरी सञ्चालन गर्नेछन्।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने क्षेत्रगत प्रणालीको आवद्धता प्रणालीमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने प्रणालीको सञ्चालन, नियन्त्रण र संरक्षणको कार्य सम्बन्धित कार्यालयको हुनेछ ।

(४) उपदफा (१) बमोजिम सञ्चालन हुने प्रणालीमा प्रविष्ट हुने विवरणमा दफा ७ बमोजिमको विशिष्ट संकेत अङ्क अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(५) कार्यालयले उपदफा (१) बमोजिमको प्रणालीको विकास तथा सञ्चालन गर्दा मन्त्रालयले निर्धारण गरेको मापदण्ड तथा समय-समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

९. <u>अन्य निकायका प्रणालीमा आवद्ध हुन सक्ने</u>: प्रणालीमा प्रविष्ट हुने वा भएका विवरणका सम्बन्धमा अन्य सरकारी निकायमा सञ्चालित कुनै सूचना प्रणालीमा रहेका कुनै विवरणसँग रुजु गरी कुनै विवरणको आधिकारिकता बुझ्नु पर्ने भए त्यस्तो प्रणालीमा आवद्ध गरी आधिकारिकता बुझ्न सकिनेछ।

१०. <u>विवरण प्रविष्ट सम्बन्धी व्यवस्था:</u> (१) शैक्षिक संस्थाले प्रणालीमा विवरण प्रविष्ट गर्दा यथार्थ र तथ्यपरक विवरण मात्र प्रविष्ट गर्नु पर्नेछ ।

(२) शैक्षिक संस्थाले अनुमानित, झुट्टा वा फरेबी विवरण प्रणालीमा भर्नु हुँदैन ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

११. <u>विवरण प्रविष्ट गर्ने समयावधीः</u> (१) प्रत्येक शैक्षिक संस्थाले शैक्षिक सत्रको सुरुमै शैक्षिक संस्थामा अध्ययन वा खोजको लागि उपलब्ध हुने सबै विद्यार्थीको दर्ता र संस्थागत विवरणलाई प्रणालीमा प्रविष्टि गर्नुपर्ने छ ।

तर, सम्बन्धित शैक्षिक संस्थामा प्रणालीको सञ्चालन हुँन नसकेको भए स्प्रेडसिटमा विवरण प्रविष्टि गरी स्प्रेडसिटलाई शैक्षिक शत्र प्रारम्भ भएको एक महिनाभित्र कार्यालयमा आइपुग्ने गरी इकाई मार्फत पेस गर्नुपर्ने छ ।

(२) कुनै कारण परी समयमा विवरण प्रविष्ट हुन नसकेमा मन्त्रालयले सो सम्बन्धमा विववरण तयार गर्न लगाई सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(३) समयमा क्षेत्रिय प्रणाली सञ्चालन नगर्ने तथा विवरण प्रविष्ट नगर्ने शैक्षिक संस्थालाई कुनै किसिमको अनुदान तथा सहायता उपलब्ध गराइने छैन ।

## परिच्छेदः ४

## <u>विवरण सच्याउने सम्बन्धी व्यवस्था</u>

१२. <u>विवरण सच्याउन नहुनेः</u> (१) कसैले पनि एक पटक प्रविष्ट गरिएको विवरण फेरवदल गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवरण भरी कन्फर्म गरी सकेपछि भूलवस सो विवरणमा सनातिना त्रुटी भएको अवस्थामा कार्यालयमा समन्वय गरी त्यस्ता विवरण सच्याउन सकिनेछ ।

<u>स्पष्टिकरणः</u> यस उपदफाको प्रयोजनको लागि सानातिना त्रुटी भन्नाले विद्यार्थीको जन्म मितिको हकमा गते तथा प्राप्ताङ्कको हकमा दशमलव पछिको अङ्क, कुनै संरचनाको सम्बन्धमा कोठागत त्रुटी, नामको सम्बन्धमा सामान्य ह्रश्व दीर्ग वा अघिल्लो अक्षर पछाडि र पछाडिको अक्षर अगाडि भई हुन गई भएको त्रुटी तथा सम्पत्तिको हकमा सामान्य संख्यागत त्रुटी सम्झनु पर्छ ।

१३. <u>विवरण सच्याउन निवेदन दिन सकिने</u>ः (१) कुनै शैक्षिक संस्थाको जिम्मा,संरक्षण वा नियन्त्रणमा रहेको कुनै विवरण गलत भएको वा तथ्यमा आधारित नभएको सम्बन्धित शैक्षिक संस्थालाई लागेमा त्यस्तो सूचनाबाट निजले कुनै लाभ,फाइदा वा सुविधा नलिएको भएमा निजले कार्यालय वा पोर्टल मार्फत निवेदन दिन सक्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा आफुले दाविगरेको तथ्य वा विवरणलाई पुष्टि वा प्रमाणित गर्ने प्रमाण समेत दाखिला वा अपलोड गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले कुनै अधिकृतद्वारा जाँच बुझ गराई प्राप्त सिफारिश बमोजिम विवरणका सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले निर्णय गरी सच्याउन नमिल्ने भएमा सम्बन्धित शैक्षिक संस्थालाई सो को जानकारी दिनु पर्नेछ ।

## परिच्छेदः ५

## प्रणालीको प्रयोग तथा सुरक्षा सम्बन्धी व्यवस्था

१४. <u>सुरक्षाका मापदण्ड अपनाउनु पर्ने:</u> प्रणाली तथा क्षेत्रगत प्रणालीका विकास, सञ्चालन एवं सोमा रहने विवरण तथा सेवाको इन्टरफेस निर्माण गर्दा यस निर्देशिका तथा प्रचलित कानून बमोजिम स्वीकृत सुरक्षाका मापदण्ड अपनाउनु पर्नेछ।

१५. <u>विवरण प्रविष्ट भएको सुनिश्चितता:</u> शैक्षिक संस्थाले आफ्ना विवरण शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएको कुरामा कार्यालयले सुनिश्चितता गर्नुपर्नेछ ।

१६. <u>प्रयोगकर्ताको वर्गीकरण गर्नुपर्ने:</u> कार्यालयले प्रणाली प्रयोगकर्ताको वर्गीकरण गरी आवश्यकताको सिमाभित्र रही पहुँच र अधिकार निर्धारण गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१७. <u>वैयक्तिक विवरणमा पहुँच नियन्त्रण:</u> (१) विवरणको पहुँच व्यवस्थापन गर्दा प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक अन्य अवस्थामा वैयक्तिक विवरणमा पहुँच नहुने गरी गर्नुपर्नेछ।

तर, सार्वजनिक हितका लागि कानुन बमोजिम माग भएको विवरण उपलब्ध गराउन सकिनेछ ।

(२) कानुन बमोजिम वैयक्तिक विवरणमा पहुँच पुऱ्याउदाको अवस्थामा कसले, कहिले र कुन प्रयोजनका लागि पहुँच गरिएको हो सोको अभिलेख रहने व्यवस्था गर्नुपर्नेछ।

१८. <u>विवरण प्रकाशित गर्न सक्ने:</u> (१) मन्त्रालय तथा कार्यालयले प्रणालीमा रहेका खण्डीकृत विवरण सहितको प्रतिवेदन तयार गरी आ-आफ्नो वेवसाइट मार्फत खुला मानक (ओपन स्टाण्डर्ड) मा सार्वजनिक गर्नु पर्नेछ ।

(२) स्थानीय तह तथा सम्बन्धित शैक्षिक संस्थाले आफ्नो विवरण अध्यावधिक गरी सार्वजनिक गर्न सक्नेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

१९.<u>शैक्षिक सूचना विवरणको भण्डारण :</u> शैक्षिक सूचना विवरणको भण्डारण अन्य सम्बन्धित निकायको समन्वयमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. <u>विवरणको गोपनियता सम्बन्धी व्यवस्था</u> : (१) विधुतीय माध्यममा रहेको कसैको शैक्षिक सूचना वा विवरण, लगत वा सूचनाको व्यवस्थित सङ्कलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार भएको सङ्ख्यात्मक प्रस्तुति निजी प्रयोजनको लागि सम्बन्धित शैक्षिक संस्था वा व्यक्तिको अनुमति बिना प्रयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित व्यक्तिको अनुमति प्राप्त भएपछि मात्र त्यस्तो सूचनामा अनुमति प्राप्त व्यक्तिको पहुँच हुनेछ ।

(३) व्यैक्तिक गोपनियताका विषयको संरक्षण सम्बन्धी अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेदः ६

## <u>शैक्षिक विवरणको प्रशोधन तथा उपयोग सम्बन्धी व्यवस्था</u>

२१. <u>शैक्षिक विवरणको सङ्कलन, प्रशोधन र विश्लेषण सम्बन्धी व्यवस्था</u>ः (१) यस निर्देशिकाको दफा ६ बमोजिम बाहेक कसैले पनि कुनै व्यक्तिको सूचना संकलन, भण्डारण, संरक्षण, विष्लेषण प्रशोधन वा प्रकाशन गर्न गराउन हुँदैन ।

(२) कुनै शैक्षिक संस्थाको विवरण प्रचलित कानून बमोजिम अख्तियार प्राप्त अधिकारी वा संस्था वा सोसँग सम्बन्धित व्यक्तिले कानून बमोजिम अनुमति प्राप्त गरेकोमा बाहेक विवरणको रुपमा सङ्कलन गर्न हुदैन ।

(३) यस निर्देशिका बमोजिम सङ्कलित विवरणको प्रशोधन तथा बिश्लेषण गर्दा त्यस्ता विवरणको आधिकारिकता तथा सङ्कलन गरिएको बिषयको कागजातको अध्ययन गरी सम्बन्धित व्यक्तिको अनुमति लिएरमात्र प्रशोधन गर्नु पर्नेछ ।

२२. <u>विवरणको उपयोग सम्बन्धी व्यवस्था</u>ः (१) कसैको शैक्षिक संस्थाको विवरणको उपयोग सरकारी निकायको स्वीकृतिमा मात्र त्यस्तो विवरणको उपयोग गर्न सकिनेछ ।

(२) शैक्षिक विवरणको उपयोगकर्ताले प्राप्त विवरणको प्रयोगगर्दा सामाजिक सद्भाव एवं शान्ती सुव्यवस्था तथा प्रचलित कानूनी व्यवस्थामा कुनै खलल नपर्ने गरी गर्नुपर्नेछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेदः७

## समिति सम्बन्धी व्यवस्था

२३. **निर्देशक समितिः** (१) शैक्षिक सूचना प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा निर्देशन तथा अन्य नीतिगत व्यवस्थाको लागि एक निर्देशन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको गठन देहाय बमोजिमको हुनेछः

(क) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – अध्यक्ष

(ख) सचिव, विश्वविद्यालय अनुदान – सदस्य

(ग) सदस्य सचिव, राष्ट्रिय परीक्षा बोर्ड – सदस्य

(घ) सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद - सदस्य

(ङ) सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय –सदस्य

(च) सहसचिव, गृह मन्त्रालय –सदस्य

(छ) सह सचिव, उच्च शिक्षा महाशाखा, मन्त्रालय –सदस्य

(ज) महानिर्देशक, केन्द्र –सदस्य

(झ) सहसचिव, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक कम्तीमा बर्षको एक पटक बस्नेछ ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२३. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) प्रणालीको कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन गर्ने,



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि ... सिंहदरबार, का...

(ख) प्रणालीको कार्यान्वयनका लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) प्रणालीको कार्यान्वयनका लागि योजना, मापदण्ड स्वीकृत गर्ने,

(घ) प्रणालीको कार्यान्वयनका लागि साधन स्रोतको व्यवस्थापन गर्ने।

२४.<u>प्राविधिक समिति</u> (१) प्रणालीको व्यवस्थापन तथा कार्यान्वयनका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) सहसचिव, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय – संयोजक

(ख) उपमहानिर्देशक केन्द्र - सदस्य

(ग) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(घ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद - सदस्य

(ङ) प्रतिनिधि राष्ट्रिय परीक्षा बोर्ड - सदस्य

(च) शाखा प्रमुख, शैक्षिक प्रविधि तथा विधुतीय सुशासन शाखा, मन्त्रालय - सदस्य

(छ) शाखा प्रमुख, तथ्याङ्क नीति तथा अनुसन्धान शाखा, मन्त्रालय – सदस्य सचिव

(२) प्राविधिक समितिको बैठक प्रत्येक महिनामा एक पटक बस्नेछ ।

(३) प्राविधिक समितिको बैठकमा बढिमा दुई जनासम्म सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

२५.<u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) शैक्षिक संस्थाबाट सूचना प्रणालीमा विवरण प्राप्तिको लागि आवश्यक व्यवस्था गर्ने,

(ख) प्राप्त विवरणको विश्लेषण तथा प्रशोधन गर्ने,

(ग) विवरणको गोपनियता कायम गर्ने,

(घ) विवरणको उपयोग तथा प्रयोगको लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ङ) प्राप्त निर्देशन बमोजिम विवरणको उपयोग तथा प्रकाशन गर्ने,

(च) विवरणको संरक्षण गर्ने, गराउने,

(छ) शैक्षिक संस्था तथा अन्य सरकारी निकायबीच शैक्षिक सूचनाको लागि अन्तरआवद्धता कायम गर्ने,

(ञ) प्रणाली सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक मापदण्ड तयार गरी निर्देशक समितिमा पेश गर्ने,

(झ) सूचना प्रणालीबाट प्राप्त हुने सूचनाका आधारमा तयार गरिने विभिन्न प्रतिवेदनको ढाँचा विकास गर्ने,

(ञ) शैक्षिक सूचना प्रणालीलाई प्रभावकारी बनाउन सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

परिच्छेदः ८

निकायगत भूमिका

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिकाः प्रणालीको विकास, सञ्चालन तथा व्यवस्थापनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रणालीकको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने,

(ख) प्रणालीका लागि आवश्यक नीति, मानक, मापदण्ड, दीर्घकालीन योजना स्वीकृत गर्ने,

(ग) प्रणालीका लागि पूर्वाधार विकास गर्ने,

(घ) प्रणालीको प्रयोगकोका लागि प्राविधिक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(ङ) प्रणाली तथा क्षेत्रगत प्रणालीको प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि क्षमता विकास तथा सहजीकरण गर्ने,

(च) प्रणाली सम्बन्धी निर्णय कार्यान्वयन गर्ने गराउने,

(छ) प्रणाली तथा क्षेत्रगत प्रणालीको सञ्चालन तथा व्यवस्थापनको लागि सम्बन्धित कार्यालयलाई आवश्यक निर्देशन दिने।

२७. केन्द्रको भूमिकाः एकिकृत शैक्षिक विवरण संकलन तथा प्रशोधनको लागि केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यालय शिक्षासंग सम्बन्धित क्षेत्रगत प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने,

(ख) क्षेत्रगत प्रणालीमा प्रविष्ट हुन आएका विवरणको संरक्षण, सम्बर्धन र नियमन गर्ने,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) प्रत्येक विद्यालयको विवरण राष्ट्रिय पञ्जिकामा प्रविष्ट गर्ने, गराउने,

(घ) विद्यार्थीको विवरण राष्ट्रिय पञ्जिकामा प्रविष्ट गर्ने, गराउने,

(ङ) विद्यालयस्तरको व्यवस्थापन सूचना प्रणालीको विकास र कार्यान्वयन चरणबद्धरुपमा गर्ने गराउने,

(च) विद्यालयस्तरको व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गरी स्थानीय तहबाट कार्यान्वयनका लागि स्थानीय तहको क्षमता विकास गर्ने,

(छ) विद्यालयस्तरको क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(ज) विद्यालय शिक्षासँग सम्बन्धित विवरणको स्वामित्व लिने,

(झ) विद्यालय शिक्षासँग सम्बन्धित सूचना प्रणालीको कार्यान्वयन सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ञ) व्यक्तिगत विवरणको गोपनीयता कायम गर्नेसम्बन्धी सामान्य मागर्दशनको मापदण्डको पालनाको सुनिश्चितता गर्ने तथा प्रणालीमा आफ्नो क्षेत्रभित्रका विद्यार्थी तथा शिक्षकको व्यक्तिगत विवरणको संरक्षण सुनिश्चित गर्ने,

(ट) शैक्षिक विवरण प्रासि गर्न सरकारी तथा अन्य निकायबीच समन्वय कायम गर्न,

(ठ) विद्यालय शिक्षाको शैक्षिक सूचनाको वार्षिक विवरण मन्त्रालयमा पेश गर्ने।

२८.<u>राष्ट्रिय परीक्षा बोर्डः</u> एकिकृत शैक्षिक विवरण संकलन तथा प्रशोधनको लागि राष्ट्रिय परीक्षा बोर्डको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विवरण संकलनको लागि आवश्यक क्षेत्रगत प्रणालीको विकास गर्ने र सोलाई मन्त्रालयको प्रणालीमा आवद्ध गर्ने,

(ख) परिक्षार्थी तथा विद्यालय शिक्षाको मूल्याङ्कन तथा परीक्षासँग सम्बन्धित विवरण आफ्नो प्रणालीमा प्रविष्ट गर्ने,

(ग) क्षेत्रगत प्रणालीको विकास, सञ्चालन, प्रयोग तथा व्यवस्थापन गर्ने,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(घ) कक्षा दश तथा कक्षा बाह्रको अन्त्यका परीक्षाको मूल्याङ्कन तथा नतिजा सम्बन्धी विवरण प्रणालीमा प्रविष्ट गर्ने,

(ङ) विद्यालयस्तरको मूल्याङ्कन परीक्षा व्यवस्थापन सूचना प्रणालीको विकास र कार्यान्वयन चरणबद्धरुपमा गर्ने,गराउने,

(च) विद्यालयस्तरको परीक्षा मूल्याङ्कन तथा व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनका लागि मातहत कार्यालयको क्षमता विकास गर्ने,

(छ) विद्यालयस्तरको मूल्याङ्कन तथा परीक्षा क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(ज) विद्यालय शिक्षाको मूल्याङ्कन तथा परीक्षासँग सम्बन्धित विवरणको स्वामित्व लिने,

(झ) विद्यालय शिक्षाको मूल्याङ्कन तथा परीक्षासँग सम्बन्धित प्रणाली र सोको कार्यान्वयन गरी अनुगमन तथा सुपरीवेक्षण गर्ने।

२९. <u>चिकित्सा शिक्षा आयोगः</u> विवरण संकलन तथा प्रविष्टिको लागि चिकित्सा शिक्षा आयोगको भूमिका देहाय बमोजिम हुनेछः

(क) चिकित्सा शिक्षासँग सम्बन्धित विषयको लागि क्षेत्रगत प्रणालीको विकास गरी प्रणालीमा आवद्ध गर्ने,

(ख) आफ्नो क्षेत्रगत प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने र सोको आवद्धता प्रणालीमा गराउने,

(ग) सूचनामा क्षेत्रगत प्रणालीको विकास र कार्यान्वयन गर्ने, गराउने,

(घ) चिकित्सा शिक्षासँग सम्बन्धित निकाय तथा जनशक्तिको क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ङ) चिकित्सा शिक्षासँग सम्बन्धित विवरणको स्वामित्व लिने,

(च) चिकित्सा शिक्षासँग सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको कार्यान्वयन सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण गर्ने।

३०. <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदः</u> विवरण संकलन तथा प्रविष्टिको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको भूमिका देहाय बमोजिम हुनेछः

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(छ) प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित विषयको लागि क्षेत्रगत प्रणालीको विकास गरी प्रणालीमा आवद्ध गर्ने,

(ज) आफ्नो क्षेत्रगत प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने र सोको आवद्धता प्रणालीमा गराउने,

(झ) सूचनामा क्षेत्रगत प्रणालीको विकास र कार्यान्वयन चरणबद्धरुपमा गर्ने गराउने,

(ञ) प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित निकाय तथा जनशक्तिको क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ट) प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित विवरणको स्वामित्व लिने,

(ठ) प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको कार्यान्वयन सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण गर्ने।

३१. <u>विश्वविधालय अनुदान आयोग:</u> उच्च शिक्षाको विवरण संकलन तथा व्यवस्थापनको लागि विश्वविधालय अनुदान आयोगको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा शैक्षिक संस्थाको विवरण अध्यावधिक रुपमा लिने र सोको लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउने,

(ख) विश्वविद्यालय तथा सम्बन्धित शैक्षिक संस्थाको लागि क्षेत्रगत प्रणालीको विकास गराई सोमा उच्च शिक्षासँग सम्बन्धित विवरणको प्रविष्ट गर्ने गराउने,

(ग) क्षेत्रगत प्रणालीलाई मन्त्रालयको प्रणालीसंग आवद्ध गराई उच्च शिक्षाका विवरण अध्यावधिक गराउने,

(घ) उच्च शिक्षासँग सम्बन्धित विवरणको लागि क्षेत्रगत प्रणालीको विकास, सञ्चालन तथा व्यवस्थापन गर्न लगाउने,

(ङ) उच्च शिक्षासँग सम्बन्धित व्यवस्थापन सूचना प्रणालीको विकास र कार्यान्वयन चरणबद्धरुपमा गर्ने गराउने,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि ... सिंहदरबार, काठमाडौं

(च) उच्च शिक्षाको शैक्षिक सूचना व्यवस्थापन प्रणालीसँग सम्बन्धित निकाय तथा जनशक्तिको क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(छ) उच्च शिक्षासँग सम्बन्धित विवरणको लागि जवाफदेहिता वृद्धि गर्ने,

(ज) उच्च शिक्षासँग सम्बन्धित सूचनाको व्यवस्थापन गर्ने र सोको अनुगमन तथा सुपरीवेक्षण गर्ने।

३२. <u>राष्ट्रिय किताबखाना (शिक्षक):</u> प्रणाली तथा क्षेत्रगत प्रणालीको सञ्चालनमा राष्ट्रिय किताबखाना (शिक्षक)को जिम्मेवारी र भूमिका देहाय अनुसार रहनेछः-

(क) शिक्षकसँग सम्बन्धित क्षेत्रगत प्रणालीको विकास, सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) क्षेत्रगत प्रणालीमा शिक्षकसँग सम्बन्धित विवरण प्रविष्ट गर्ने गराउने,

(ग) शिक्षकसँग सम्बन्धित विवरणको स्वामित्व लिने,

(घ) शिक्षकसँग सम्बन्धित विषयका सूचना व्यवस्थापन गर्ने,

(ङ) क्षेत्रगत प्रणालीको कार्यान्वयन सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण गर्ने।

३३. <u>शिक्षा विकास तथा समन्वय इकाइः</u> प्रणाली तथा क्षेत्रगत प्रणालीको विकास तथा सञ्चालनमा शिक्षा विकास तथा समन्वय इकाइको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) प्रणाली तथा क्षेत्रगत प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय गर्ने ।

(ख) प्रणाली तथा क्षेत्रगत प्रणालीलाई व्यवस्थित बनाउनका लागि स्थानीय तह र शैक्षिक संस्थालाई सहजीकरण गर्ने,

(ग) स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(घ) जिल्लास्तरीय शैक्षिक विवरण तथा तथ्याङ्कको विश्लेषण र प्रकाशन गर्ने,

(ङ) सबै स्थानीय तह र शैक्षिक संस्थाले शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सही र व्यवस्थित प्रयोग गरे नगरेको सुनिश्चित गर्ने।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

३४. <u>प्रदेशको शिक्षा क्षेत्र हेर्ने मन्त्रालयः</u> क्षेत्रगत तथा प्रणालीको विकास तथा सञ्चालनमा प्रदेशको शिक्षा हेर्ने मन्त्रालयको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक र उच्च शिक्षासँग सम्बन्धित विवरण अध्यावधिक गर्न सहजिकरण गर्ने,

(ख) शैक्षिक सूचनाको लागि प्रदेशमा विकास भएका प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) विकास भएका एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली तथा क्षेत्रगत प्रणालीको समुचित प्रयोगमा सहयोग गर्ने,

(घ) प्रणालीसँग सम्बन्धित निकाय तथा जनशक्तिको क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) प्रदेशस्तरीय शैक्षिक तथ्यांकको स्वामित्व लिने,

(च) प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने,

(छ) प्रदेशस्तरमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको कार्यान्वयन सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण गर्ने।

३५. <u>स्थानीय तहः</u> क्षेत्रगत प्रणालीको विकास तथा सञ्चालनमा स्थानीय तहको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह र अन्तरगतका शैक्षिक संस्थामा क्षेत्रगत प्रणाली प्रयोगमा ल्याउने,

(ख) स्थानीय तह अन्तर्गत रहेका शैक्षिक संस्थालाई आफ्ना विवरण अद्यावधिक गराई प्रविष्ट गराउने,

(ग) क्षेत्रगत प्रणालीमा भर्नु पर्ने विवरण समयमा नै भराउने र सोको कार्यान्वयनका लागि विद्यालयलाई सहजीकरण गर्ने,

(घ) शैक्षिक संस्थामा रहेको जनशक्तिको क्षमता विकासका लागि कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,

(ङ) प्रणालीको शैक्षिक संस्थासँग सम्बन्धित विवरण तथा तथ्याङ्कको प्रमाणीकरण गर्ने र उक्त विवरण तथा तथ्यांकको स्वामित्व लिने।

३६. <u>सम्बन्धित शैक्षिक संस्था:</u> प्रणालीको विकास, उपयोग तथा सञ्चालनमा शैक्षिक संस्थाको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रणाली तथा क्षेत्रगत प्रणालीमा निर्धारित समयभित्र आफ्नो शैक्षिक संस्थाको तर्फबाट भर्नु पर्ने विवरण भर्ने र समय समयमा त्यसलाई अध्यावधिक गर्ने,

(ख) विवरण भर्दा तथ्य तथा सत्यमा आधारित भई भर्ने र कुनै त्रुटी हुन नदिने,

(ग) शैक्षिक संस्थामा रहेका विद्यार्थी, सञ्चालक, व्यवस्थापक, शिक्षक, कर्मचारी, सबै किसिमको सम्पत्ति, सिकाई उपलब्धी सम्बन्धी विवरण प्रविष्ट गर्ने,

(घ) विवरण प्रविष्ट गर्न जिम्मेवारी प्रदान गर्ने र सोको अनुगमन गर्ने,

(ङ) शैक्षिक विवरणको स्वामित्व लिने र सोलाई तथ्याङ्किय दृष्टिले प्रयोग योग्य बनाउने,

(च) सम्बन्धित शैक्षिक संस्थाको शैक्षिक विवरण तथा तथ्यांकको स्वामित्व लिने ।

(छ) प्रणालीबाट प्रतिवेदन प्राप्त गर्ने र उक्त प्रतिवेदनबाट प्राप्त सूचनालाई शैक्षिक संस्था सुधार योजना लगायतका विद्यालय विकास योजनामा निर्माणमा उपयोग गर्ने,

(ज) शैक्षिक संस्थासंग सम्बन्धित सबै विवरण तथा तथ्यांकहरु समय समयमा अद्यावधिक गरी अनलाइन प्रणालीमा अपलोड गर्ने,

(झ) प्रचलित कानून बमोजिम व्यक्तिगत विवरणको गोपनीयता कायम गर्ने,

(ञ) शैक्षिक संस्थामा रहेका व्यक्तिगत विवरणको संरक्षण गर्ने र तिनमा गोपनियता कायम गर्ने।

३७. <u>अन्य निकाय:</u> प्रणालीको प्रयोग तथा सञ्चालनमा अन्य निकायको भूमिका देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक संस्था तथा शिक्षासँग सम्बन्धित नीति, कार्यक्रम, योजनाको निर्माण, अनुगमन तथा मूल्याङ्कनमा प्रणालीमा रहेका विवरण तथा तथ्याङ्कको उपयोग गर्ने,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(ख) व्यक्तिगत विवरणको गोपनीयता कायम गर्ने,

(ग) शिक्षा क्षेत्रसँग सम्बन्धित कुनै सूचना प्रणाली कार्यान्वयन गरिएको भए सुरक्षित एप्लिकेसन प्रोग्रामिङ इन्टरफेसका साथ अन्तरक्रियाशील हुने गरी एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध हुने प्रणाली विकास गर्ने,

(घ) सवारी चालक अनुमति पत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राहदानी वा राष्ट्रिय परिचय पत्रमा उल्लिखित नम्बर तथा जारी मितिका आधारमा नागरिकसँग सम्बन्धित सूचना आदान-प्रदानको लागि सम्बन्धित निकायमा समन्वय गर्ने।

## परिच्छदः ९

## विविध

३८. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनः (१) यस निर्देशिका बमोजिमका प्रणाली तथा क्षेत्रगत प्रणाली मन्त्रालय तथा सम्बन्धित कार्यालयले एक वर्षभित्र विकास गर्नेछन्।

(२) यस निर्देशिका जारी हुनु पूर्व चालु अवस्थाका प्रणालीलाई यस निर्देशिका बमोजिम हुने गरी प्रणाली तथा क्षेत्रगत प्रणालीको रुपमा सञ्चालन गर्न सकिनेछ।

(३) शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट विवरणको अनुगमन मन्त्रालयबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन प्रत्येक तीन महिनामा हुनेछ ।

(५) मन्त्रालयले तीन महिनाको अनुगमन पश्चात प्रणालीमा प्रविष्ट विवरण भएका विषयका सम्बन्धमा मूल्याङ्कन गर्नेछ।

(६) उपदफा (४) र (५) को अधीनमा रहि प्रत्येक वर्ष मन्त्रालयले समिक्षा गर्नेछ। त्यसरी समिक्षा गर्दा स्तरीकृत मान्यता प्राप्त विधि अपनाइनेछ ।

(७) अनुगमन तथा मूल्याङ्कनका मापदण्ड नेपाल सरकार, राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागले स्थापित गरे बमोजिम हुनेछ ।

३९. योजना तर्जुमा र कार्यान्वयनः (१) प्रणालीको प्रयोग शैक्षिक क्षेत्रको रणनीतिक योजना विकास गरी दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन लक्ष्य निर्धारण गरिनेछ।

(२) उपदफा (१) बमोजिमका लक्षका आधारमा शैक्षिक व्यवस्थापनमा जनशक्ति, पूर्वाधार तथा प्रणालीको क्षमता विकासका आवश्यकतालाई समेटिनेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

४०. **समझदारी गर्नुपर्ने:** मन्त्रालय भन्दा बाहिरको निकायसँग रहेका प्रणालीसँग एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अन्तर आवद्धता गर्नुपर्ने भएमा प्रयोजन तथा विवरण सुरक्षाको यकीन गरी समझदारी गरिनेछ ।

४१. **सहमति लिनु पर्ने:** (१) मन्त्रालयले यस निर्देशिका बमोजिम प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्दा नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रणालीको सञ्चालन तथा व्यवस्थापनको क्रममा नेपाल सरकारलाई थप आर्थिक दायित्व हुने अवस्थामा अर्थ मन्त्रालयको सहमति पछि त्यस्ता कार्यक्रम सञ्चालन हुनेछन्।

४२. **पुरात्विक विवरणको संरक्षण गर्नुपर्ने:** पुराना तथा पुरात्तात्विक महत्वका विवरण तथा तथ्यांकलाई सुरक्षित किसिमले संरक्षण गर्नु पर्नेछ । त्यसरी संरक्षणको लागि सम्बन्धित निकायको सहयोग लिन सकिनेछ।

४३. **गुनासो व्यवस्थापन संयन्त्र:** (१) प्रणालीको प्रयोग, सञ्चालन, भण्डारण तथा व्यवस्थापनमा आउने गुनासो व्यवस्थापनका लागि प्रत्येक कार्यालयमा गुनासो व्यवस्थापन संयन्त्र रहनेछ ।

(२) उपदफा (१) बमोजिमको संयन्त्रले समय मै कार्यालयगत गुनासोको सम्बोधन गर्नु पर्नेछ।

४४. **प्रचलित कानून बमोजिम हुने:** यस निर्देशिकामा उल्लेख भएका विषय प्रचलित कानूनमा उल्लेख भएको भए सोहि बमोजिम र उल्लेख नभएका विषय यसै निर्देशिका बमोजिम हुनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल